# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल।

☏: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
: www.paiyunmun.gov.np


प.सः २०८२/०८३
च.नं :

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मितिः२०८२/१०/१९

## सड़क निर्माण सामाग्री, सवारी साधन तथा अन्य बस्तुहरु राख्न नहुने तथा अनिवार्य बिल बीजक साथमा लिई ओसारपोसार गर्नुहुन सम्बन्धी सार्वजनिक सूचना।

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्र भित्रको मोटरबाटो सडकमा निर्माण सामग्रीहरु लगायत सवारी साधनहरु अव्यवस्थित तवरले राखे गरेको पाइएको हुँदा सो सम्बन्धमा यस गाउँपालिकाको ध्यान आकृष्ट भएको छ। यसरी सडक तथा मोटरवाटोमा निर्माण सामग्री थुपार्ने, सवारी साधन सडकमान पार्किङ गर्नाले एकातिर पैदल यात्री तथा सवारी साधनलाई सहज आवागमनमा बाधा परेको, सडक सौन्दर्यमा ह्रास आएको, सड़क दुर्घटनाको जोखिम बढाएको र अर्कोतर्फ सडक भत्किने, विग्रन गई सडकको आयु समेत घट्ने भएकोले यस गाउँपालिका भित्रका कुनैपनि सडक मोटरबाटोमा निर्माण सामग्री एवं अन्य मालसामान नराख्न, सवारी पार्किङ्ग नगर्न, फोहोर र ढल एवं पानी नलगाउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ। साथै, पैयूँ गाउँपालिका क्षेत्रभित्र अवैध रुपमा ढुङ्गा, गिटी, बालुवा लगायतका सामग्रीहरु संकलन तथा निकासी गरिरहेको भन्ने बुझिन आएकोले निर्माण सामाग्री ढुवानी गर्दा अनिवार्य बिल बीजक साथमा राखी ढुवानी गर्नुहुन तथा निर्माण क्षेत्र बाहेकको स्थानमा निर्माण सामाग्री राखिएको अवस्थामा अनिवार्य स्टक प्रमाणित गरी राख्नुहुन र निजी क्षेत्रबाट अनुमति नलिई उत्खनन् भएको अवस्थामा सो क्षेत्रमा वातावरणीय र विपदजन्य प्रभाव पर्ने हुदाँ अनुमति लिएर मात्र कार्य गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ, सो को अवज्ञा गरिएको पाइएमा प्रचलित कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ।

जिवन गैरे
**प्रमुख प्रशासकीय अधिकृत**